# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, कात्तिक २० गते २०५२ साल (अतिरिक्ताङ्क २९ (ग)

## भाग ३

श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

#### महिला सीप विकास समिति (गठन) आदेश, २०५२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "महिला सीप विकास समिति (गठन) आदेश, २०५२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको महिला सीप विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिवलाई समेत जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ९ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "तोकिएको" वा तोकिएबमोजिम भन्नाले यस आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. समितिको गठन: (१) महिला वर्गको विकासको लागि "महिला सीप विकास समिति" नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्:–

(क) मन्त्री वा राज्य मन्त्री, स्थानीय विकास मन्त्रालय – अध्यक्ष
(ख) सचिव, अर्थ मन्त्रालय – सदस्य
(ग) सचिव, उद्योग मन्त्रालय – सदस्य
(घ) सचिव, वाणिज्य मन्त्रालय – सदस्य
(ङ) सचिव, स्थानीय विकास मन्त्रालय – सदस्य
(च) सचिव, श्रम मन्त्रालय – सदस्य
(छ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य
(ज) कार्यकारी निर्देशक – सदस्य-सचिव

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको उद्देश्य: समितिको उद्देश्य देहायबमोजिम हुनेछ:–

(क) महिलालाई स्थानीय विकास कार्यमा संलग्न गराइ राष्ट्र निर्माण कार्यमा सरिक गराउने,

(ख) उपेक्षित, असहाय, अपांग, विपन्न र निरपेक्ष गरीबीको रेखा मुनि रहेका महिलाहरूलाई देशको परम्परामा आधारित सीपको विकासका साथै आधुनिक व्यवसायको खोजी गरी तदनुरूप तालिम दिई त्यस्तो सीप उपयोगमा ल्याउने,

(ग) सीप हासिल गरेका महिलाहरूलाई सेवा, व्यवसाय र आयमूलक कार्यक्रमहरूमा संलग्न गराइ उनीहरूको आर्थिक र सामाजिक स्थितिमा सुधार गर्न सहयोग पुर्‍याउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(घ) विद्यमान सीपलाई स्तरयुक्त बनाउन आवश्यक तालिम दिई सीप प्रवर्द्धन गर्ने,

(ङ) महिलामा सीपको विकास गराइ स्वरोजगार प्रवर्द्धन गर्ने,

(च) सीपसम्बन्धी ज्ञान हासिल गरेका महिलाहरूबाट उत्पादित मालसामानको गुणस्तर कायम राख्दै उनीहरूबाट उत्पादित मालसामानको निमित्त बजारको खोजी गरी कच्चा पदार्थ तथा तयारी सामानको बजार सुनिश्चित गरिदिने,

(छ) सीपमूलक कार्यमा संलग्न महिलाहरूलाई व्यावसायिक परामर्श दिने,

(ज) निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनलाई प्रभावकारी बनाउने,

(झ) स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनलाई बढी प्रोत्साहन दिने,

(ञ) सरकारी, गैरसरकारी तथा वित्तीय संस्थाहरूद्वारा संचालित तालिमसँग समन्वय राखी संचालन गर्ने ।

५. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) महिला वर्गको हितको लागि परियोजनाको छनौट गरी कार्यान्वयन गर्ने,

(ख) देशको भौगोलिक अवस्था अनुसार तराई, पहाड, भित्री मधेश र हिमाली क्षेत्रमा बसोबास गर्ने महिलाहरूको लागि परम्परागत सीप र कच्चा पदार्थ पहिचान गरी त्यसको विवरण तयार गर्ने,

(ग) स्वदेशी सीपमा आधारित वस्तुहरूको उत्पादनमा प्रोत्साहन दिने र उत्पादित वस्तुहरूको आन्तरिक र बाह्य बजारको व्यवस्था मिलाउने,

(घ) विभिन्न भौगोलिक क्षेत्रमा आधारित परम्परागत सीपलाई उपयोग गरी उत्पादित मालसामानहरूको गुणस्तर छुट्याउने,

(ङ) उत्पादित वस्तुको आवश्यकताअनुसार गुणस्तरमा सुधार गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) व्यावसायिक रूपले संलग्न महिला वर्गको सीपलाई स्वदेशी र विदेशी प्रतिस्पर्धामा लैजान उनीहरूलाई आवश्यक पर्ने स्वदेशी वा विदेशी तालिम दिलाउने,

(छ) स्वदेशी प्रविधिलाई प्राथमिकता दिने गरी सीप प्रविधिमा सुधार गरी विकास गर्ने,

(ज) समितिको लागि आवश्यक दरबन्दी सृजना गर्ने,

(झ) समितिलाई आवश्यक पर्ने प्राविधिक र आर्थिक सहयोग श्री ५ को सरकार वा विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट उपलब्ध गराउने, तर विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा विदेशी व्यक्तिबाट त्यस्तो सहयोग प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ ।

(ञ) आवश्यकतानुसार नेपाल अधिराज्यभित्र शाखा कार्यालयहरू खोल्ने,

(ट) समितिको उद्देश्य प्राप्तिको लागि आवश्यक अन्य कार्यहरू गर्ने, गराउने ।

६. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनुपर्नेछ ।

(२) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा मात्र बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. समितिको कोषः (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:—

(क) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम ।

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण ।

(ग) समितिले उपलब्ध गराएको परामर्श, तालिम वा अन्य सेवा वापत प्राप्त रकम ।

(घ) स्वदेशी वा विदेशी निजी संघ, संस्था वा व्यक्तिबाट प्राप्त दान, दातव्य वा उपहार ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको संचालन तोकिएबमोजिम हुनेछ ।

८. समितिको लेखा र लेखापरीक्षणः (१) समितिको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नुपर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र समितिको अरू सबै नगदी जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

९. कार्यकारी निर्देशकको नियुक्तिः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य संचालन गर्नको लागि श्री ५ को सरकारले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।



३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त, सुविधा र काम, कर्तव्य तथा अधिकार श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

१०. कर्मचारीसम्बन्धी व्यवस्थाः (१) समितिको कार्य संचालनका लागि समितिले आवश्यक कर्मचारीहरू नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सेवाका शर्त, सुविधा र काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

११. उप-समिति गठन गर्न सक्ने : समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक उप-समितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उप-समितिहरूको काम, कर्तव्य, अधिकार तथा कार्यावधि समितिले तोकिदिएबमोजिम हुनेछ ।

१२. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आवश्यकतानुसार कुनै सदस्य, सदस्य-सचिव, उप-समिति वा समितिको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. बैठक भत्ता तथा अन्य सुविधा : समितिका सदस्यहरूले तोकिएबमोजिम बैठक भत्ता तथा अन्य सुविधाहरू पाउनेछन् ।

१४. सम्पत्ति तथा दायित्व सर्ने : यो आदेश प्रारम्भ हुँदाका बखतसम्म तत्कालीन नेपाल महिला संगठनअन्तर्गत संचालित 'नेपाल महिला सीप परियोजना' र 'जिल्ला स्तरीय नारी सिल्पकला केन्द्र'को नाममा रहेको चल अचल सम्पत्ति तथा दायित्व यस समितिमा सर्नेछन् ।

१५. श्री ५ को सरकारसँग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१६. निर्देशन दिन सक्ने: श्री ५ को सरकारले समितिको कामसित सम्बन्धित विषयमा समितिलाई समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. नियमहरू बनाउन सक्ने: यस आदेशको उद्देश्य पूर्तिको लागि समितिले श्री ५ को सरकारको स्वीकृत लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१८. समितिको कार्यालय र नाम: समितिको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र सो कार्यालय 'महिला सीप विकास केन्द्र'को नामले संचालित हुनेछ ।

आज्ञाले,

विश्वराज रेग्मी

श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८४